# एलएमसी वडा कप चेस उपाधि आशिषलाई

**रबिन्द्र बाराहि/हिटा**

ललितपुर, ३ माघ।

ललितपुर महानगरपालिका-१९ को आयोजनामा सम्पन्न वडा कप खुला रापिड रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि दोलखाका आशिष फूयाँलले जित्नुभएको छ। फिडे वर्ल्ड चेसको तत्वावधानमा दुई दिनसम्म सञ्चालन भएको प्रतियोगितामा आशिषले नौ चरणको खेलबाट आठ अंक जोड्दै पहिलो स्थान हासिल गर्नुभएको हो। निर्णायक नवौं चरणमा उहाँले सिएम सजिन महर्जनलाई पराजित गर्दै उपाधि सुरक्षित गर्नुभएको थियो। उपाधिसँगै आशिषले नगद १५ हजार रुपैयाँ, आकर्षक ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नुभएको छ।

७.५ अंक जोड्दै धरानका मुहान नरसिंह श्रेष्ठ प्रोग्रेसिभ प्वाइन्टका आधारमा दोस्रो स्थानमा रहँदै नगद १० हजार प्राप्त गर्नुभयो भने समान अंकका भक्तपुरका निकेन कुसाथा तेस्रो बन्दै नगद आठ हजार हात पार्नुभयो। ललितपुरका सिएम सजिन महर्जन चौथो स्थानमा रहँदै नगद ६ हजार र सुरज महर्जन पाँचौं स्थानमा रहँदै नगद पाँच हजार प्राप्त गर्नुभयो।

यस्तै, मकवानपुरका एफएम क्षितिज भण्डारी, काठमाडौंका बद्रीलाल नेपाली, पाँचथरका रिसोन थापा, काठमाडौंका सिएमए केशव श्रेष्ठ र स्याङ्जाका आकाश सुवेदीले समान सात अंक बनाउँदै दशौं स्थानसम्मको नगद चार-चार हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुभयो।

विधागत उत्कृष्टतर्फ महिलामा झापाका पुनम प्रसाईं प्रथम र कृतिशारा अधिकारी द्वितीय हुनुभयो। उत्कृष्ट नयाँ खेलाडीमा चितवनका सत्यम शर्मा प्रथम र पोखराका आयुष भण्डारी दोस्रो बन्नुभयो। उत्कृष्ट



सिनियरतर्फ काठमाडौंका सिएम नवीन तण्डुकार प्रथम र सिएम भगवती प्रसाद शर्मा द्वितीय हुनुभयो।

उत्कृष्ट युवा १६ वर्षमुनितर्फ मोरङका कशिभ कार्की प्रथम र काठमाडौंका सुभनदीप थापा द्वितीय बन्नुभयो। १४ वर्षमुनिमा भक्तपुरका प्रत्युस श्रेष्ठ प्रथम र साँखुका सोहम श्रेष्ठ द्वितीय हुनुभयो भने १२ वर्षमुनितर्फ भक्तपुरका ह्दय बस्नेत प्रथम र ललितपुरका सोयस राई दोस्रो बन्नुभयो।

रेटिङ १८ सयमुनितर्फ भक्तपुरका प्रेम खड्का प्रथम र पोखराका शिशिर तिवारी द्वितीय हुनुभयो। रेटिङ १६ सयमुनितर्फ ललितपुरका श्रीयस दाहाल प्रथम र बनेपाका राजन बजगाईं द्वितीय बन्नुभयो। उत्कृष्ट स्थानीयतर्फ प्रलेस महर्जन प्रथम र विजय महर्जन द्वितीय हुनुभयो भने रौतहटका मुकेश बर्माले पनि पुरस्कार प्राप्त गर्नुभयो।

पाटनस्थित रातो मच्छिन्द्रनाथ बहालमा आयोजित पुरस्कार वितरण कार्यक्रममा प्रमुख अतिथि ललितपुर महानगरपालिकाकी उपमेयर मञ्जली शाक्य बज्राचार्यले विजेता खेलाडीहरूलाई नगद, ट्रफी तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो। वडा नं. १९ का अध्यक्ष राजेन्द्र महर्जनको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल बुद्धिचाल महासंघका प्रवक्ता राजु ताम्राकार, प्रतियोगिता संयोजक तथा वडा सदस्य वीरेन्द्र ताम्राकार, प्रविन श्रेष्ठ, निर्मला खड्गी लगायतको उपस्थिति थियो।

### आजदेखि महिला टी-२० विश्वकप छनोट

# नेपाललाई घरेलु मैदानमै इतिहास रच्ने अवसर

**हिमालय टाइम्स**

काठमाडौं, ३ माघ

आइसिसी महिला टी-२० विश्वकप क्वालिफायर आज (आइतबार)देखि सुरु हुँदैछ। माघ १८ गतेसम्म सञ्चालन हुने ग्लोबल क्वालिफायरका खेलहरू काठमाडौंका दुई मैदानमा हुनेछन्। टी-२० विश्वकपको विश्व छनोटका खेल कीर्तिपुरस्थित त्रिवि मैदान र मूलपानी मैदानमा हुनेछन्। खेल तालिकाअनुसार नेपालको पहिलो खेल थाइल्याण्डविरूद्ध हुनेछ। छनोटको खेल निःशुल्क हेर्न पाइने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)का अनुसार ग्लोबल छनोटका खेल हेर्न दर्शकले शुल्क तिर्नुपर्ने छैन।

समूह 'बी'मा रहेको नेपालले स्कटल्याण्ड, थाइल्याण्ड, जिम्बावे र नेदरल्याण्ड्ससँग प्रतिस्पर्धा गर्नेछ। थाइल्याण्ड एसिया छनोटको च्याम्पियन टोली हो। विश्व वरीयतामा १२औं स्थानमा रहेको थाइल्याण्डसँग नेपालले विगतमा सातपटक प्रतिस्पर्धा गरे पनि सबै खेलमा पराजित भएको थियो। त्यसपछि १४औं वरीयताको नेदरल्याण्ड्ससँग नेपालले विगतमा खेलेका तीनवटै खेलमा पराजय भोग्नुपरेको थियो। महिला टोलीले ११औं वरीयताको स्कटल्याण्ड र १५औं वरीयताको जिम्बाब्वेसँग भने पहिलोपटक खेल्दैछ। वरीयताका आधारमा हेर्दा नेपालका लागि पहिलो खेलदेखि नै कडा चुनौतीको सामना गर्नुपर्नेछ। वास्तवमा घरेलु मैदान र दर्शक नै महिला टोलीको मनोबल बढाउने प्रमुख हतियार हुने ठानिएको छ।

नेपालको पहिलो खेल आइतबार माथिल्लो मूलपानी मैदानमा थाइल्याण्डविरुद्ध हुनेछ। नेपालले दोस्रो खेल माघ ८ गते नेदरल्याण्ड्ससँग माथिल्लो मूलपानी मैदानमा खेल्नेछ। नेपालको तेस्रो खेल जिम्बावेविरुद्ध त्रिवि मैदानमा माघ १० गते हुनेछ भने माघ १२ गते त्रिवि मैदानमा स्कटल्याण्डसँग चौथो तथा अन्तिम खेल हुनेछ। प्रारम्भिक चरणको खेलपछि दुईवटै समूहबाट तीन-तीन टोली प्रतियोगिताको 'सुपर-६' चरणमा प्रवेश गर्नेछन्। 'सुपर-६' चरणको खेलपछि अंक तालिकाको माथिल्लो चार स्थानमा रहने टोलीले आगामी महिला टी-२० विश्वकपमा स्थान बनाउनेछन्।

यद्यपि, 'सुपर-६' चरणको खेलपछि तालिकाको माथिल्लो चार स्थानमा रहने टोलीले सेमिफाइनल र फाइनल खेलका लागि पनि भिडन्त गर्नेछन्। प्रतियोगिताको दुवै सेमिफाइनल र फाइनल खेल भने कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा खेलाइनेछ।

नेपालमा आयोजना हुन लागेको यो हालसम्मकै सबैभन्दा ठूलो क्रिकेट प्रतियोगिता हो। यो प्रतियोगितामा विश्वका विभिन्न महादेशबाट छनोट भएर आएका १० टोलीबीच प्रतिस्पर्धा हुनेछ। छनोट प्रतियोगिताबाट चारवटा टोलीले सन् २०२६ मै आयोजना हुने आइसिसी महिला टी-२० विश्वकपमा स्थान पक्का गर्नेछन्। समूह 'ए'मा बंगलादेश, आयरल्याण्ड, पिएनजी, नामिबिया र अमेरिका छन्। समूह 'बी'मा स्कटल्याण्ड, थाइल्याण्ड, जिम्बावे, नेदरल्याण्ड्स र नेपाल छन्।

महिला टी-२० विश्वकपको १०औं संस्करण सन् २०२६ को जुन १२ देखि जुलाई ५ तारिख (२०८३ जेठ २९ देखि असार २१) सम्म आयोजना हुनेछ। इंग्ल्याण्ड र वेल्समा आयोजना हुने उक्त विश्वकपमा १२ टोलीको सहभागिता रहनेछ।

आठवटा टोलीले यसअघि नै आगामी विश्वकपमा स्थान सुरक्षित गरिसकेका छन् भने चारवटा टोलीको टुंगो नेपालमा आयोजना हुने यही ग्लोबल छनोट प्रतियोगिताबाट लाग्नेछ। नेपालमा आयोजना हुने विश्वस्तरीय छनोट प्रतियोगितामा सहभागी टोलीमध्ये बंगलादेशले यसअघि ६ पटक महिला टी-२० विश्वकप खेलिसकेको छ। यसका अतिरिक्त आयरल्याण्डले चार तथा स्कटल्याण्ड र थाइल्याण्डले एक-एकपटक विश्वकपको अनुभव बटुलिसकेका छन्। नेपालले भने हालसम्म महिला टी-२० विश्वकप खेल्ने अवसर पाएको छैन। त्यसैले घरेलु मैदानमा छनोट चरण पार गर्दै पहिलोपटक विश्वकप खेल्ने यो गतिलो अवसर पनि हो।

विश्वस्तरीय छनोट प्रतियोगिताका लागि सहभागी सबै राष्ट्रले टोलीको घोषणा पनि गरिसकेका छन्। नेपाल क्रिकेट संघ (क्यान)ले पनि आफ्नो टोलीको घोषणा यसअघि नै गरिसकेको छ। घोषित नेपाली टोलीमा इन्दु बर्मा (कप्तान), पूजा महतो (उप-कप्तान), रुविना क्षेत्री, सीता रानामगर, बिन्दु रावल, सम्झना खड्का, काजल श्रेष्ठ, कविता जोशी, कविता कुँवर, रचनाकुमारी चौधरी, रिया शर्मा, रोमा थापा, सुमन विष्ट, राजमती ऐरी र मनिषा उपाध्याय रहेका छन्। विश्वकप छनोटका लागि घोषित नेपाली टोली सन्तुलित छ। टोलीमा अलराउण्डर खेलाडीको बाहुल्यता देखिन्छ। टोलीमा अनुभवी र युवा खेलाडीको समिश्रण पनि छ।

महिला टी-२० विश्वकप ग्लोबल छनोट प्रतियोगिताअघि खेलिएका सबै खेलमा नेपाल पराजित भएको थियो। अभ्यास खेलमा आयरल्याण्ड, स्कटल्याण्ड र नेदरल्याण्ड्सले जित हात पारेका छन्। आयरल्याण्डले बलियो प्रतिद्वन्द्वी जिम्बाब्वेलाई चार विकेटले हरायो। अभ्यास खेलमा आयरल्याण्डको यो लगातार दोस्रो जित हो। यसअघि आयरल्याण्डले नेपाललाई ९९ रनले हराएको थियो। जिम्बाब्वेको भने अभ्यास खेलमा यो लगातार दोस्रो हार हो। पहिलो अभ्यास खेलमा जिम्बाब्वेको टोली पपुवा न्युगिनी (पिएनजी)सँग ११ रनले पराजित भएको थियो। अर्को खेलमा स्कटल्याण्डले पिएनजीलाई सात विकेटले हरायो। स्कटल्याण्डको टोली भने पहिलो अभ्यास खेलमा अमेरिकासँग चार विकेटले पराजित भएको थियो।

सन् २००९ देखि आइसिसी टी-२० विश्वकप सुरुवात भएको हो। आइसिसीले ग्लोबल क्वालिफायर भने २०१३ देखि मात्र आयोजना गर्न थालेको हो। जुन २०१४ को चौथो संस्करणको टी-२० महिला विश्वकपका लागि थियो। त्यसयता निरन्तर ग्लोबल छनोट आयोजना भइरहेको छ।

### एन्फा निर्वाचनमा दुई समूहबीच प्रतिस्पर्धा पक्का

# अदालत र राखेपको निर्देशन बेवास्ता

**हिमालय टाइम्स**

काठमाडौं, ३ माघ





अखिल नेपाल फुटबल संघ (एन्फा) को माघ २८ गते झापामा आयोजना हुने चुनावी साधारणसभामा दुई समूहबीच प्रतिस्पर्धा हुने पक्का भएको छ। उच्च अदालत पाटन र राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले निर्वाचन प्रक्रिया तत्काल अघि नबढाउन दिएको निर्देशनलाई बेवास्ता गर्दै एन्फा नेतृत्व निर्वाचनमा अघि बढेको हो।

मनोनयन दर्ताको अन्तिम दिन शनिबार दीर्घबहादुर केसी (कुमार) ले अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएसँगै दुई समूहबीचको चुनावी भिडन्त औपचारिक बनेको हो। केसीले आफ्नै समूह बनाएर निर्वाचनमा होमिनुभएको छ। उहाँले अदालत र राखेपको निर्देशनविपरीत बाध्य भएर उम्मेदवारी दिनुपरेको प्रतिक्रिया दिनुभएको छ।

यता, वर्तमान अध्यक्ष पंकजविक्रम नेम्वाङले यसअघि नै अध्यक्ष पदमा दोहोरिने गरी उम्मेदवारी दर्ता गराइसक्नुभएको छ। नेम्वाङले हालको कार्यसमितिका अधिकांश पदाधिकारीलाई आफ्नो टिममा समेट्दै निरन्तरताको पक्षमा चुनावी अभियान अघि बढाउनुभएको छ।

शनिबार नै वरिष्ठ उपाध्यक्ष पदमा सुन्दर नरसिंह जोशीले उम्मेदवारी दर्ता गराउनुभएको छ भने उपाध्यक्ष पदका लागि उत्तमराज भण्डारी, अनिल श्रेष्ठ र पेमा डोल्मा लामाले उम्मेदवारी दिनुभएको छ।

यसअघि उच्च अदालत पाटन र राखेपले एन्फामा अर्ली इलेक्सनको आवश्यकता नरहेको ठहर गर्दै तत्काल निर्वाचन प्रक्रिया अगाडि नबढाउन निर्देशन दिएका थिए। अदालतले दुवै समूहलाई माघ ६ गते छलफलका लागि बोलाएको छ भने राखेपले एन्फालाई विधानमा ११ बुँदे संशोधन गरेर मात्रै निर्वाचन गर्न निर्देशन दिएको थियो। तर, एन्फा नेतृत्वले एसियन फुटबल कन्फेडेरेसन (एएफसी) र अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) को स्वीकृतिका कारण निर्वाचन प्रक्रिया अघि बढाउनुपरेको दाबी गर्दै आएको छ।

यसैबीच, यसअघि नै अध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्नुभएका विराटजंग शाहीले भने उम्मेदवारी दर्ता गराउनुभएन। उहाँले राखेप र अदालतको आदेशको अवहेलना हुने भन्दै निर्वाचन प्रक्रियामा सहभागी नहुने निर्णय लिएको बताउनुभएको छ।

एन्फाको निर्वाचनलाई लिएर देखिएको यो विवादले नेपाली फुटबल प्रशासन थप अन्योल र टकरावतर्फ धकेलिएको देखिएको छ। अदालत र राखेपको आगामी निर्णयले निर्वाचनको भविष्य कस्तो हुने भन्नेमा सबैको चासो केन्द्रित भएको छ।

## सुपर आठ पुगे २० लाख पुरस्कार दिने नेता शर्माको घोषणा

**काठमाडौं/हिटा।** नेपाली कांग्रेसका नेता डा. सुनिल शर्माले आइसिसी टी-२० विश्वकपको सुपर ८ चरणमा नेपाली क्रिकेट टिम पुगेको खण्डमा टोलीलाई २० लाख रुपैयाँ पुरस्कार दिने घोषणा गर्नुभएको छ। नेपाल क्रिकेट संघ (क्यान) ले शनिबार आयोजना गरेको विश्वकप क्रिकेट खेल्न जाने टोलीको बिदाइ कार्यक्रममा डा. शर्माले उक्त घोषणा गर्नुभएको हो। उहाँले क्रिकेटसँग आफ्नो व्यक्तिगत नजिकको सम्बन्ध रहेको र यस सम्बन्धलाई अझ मजबुत बनाउने इच्छा रहेको पनि बताउनुभयो।

डा. शर्माले नेपाली क्रिकेट टोली र उनीहरूको परिवारको उपचारको जिम्मेवारी आफूहरूले लिएको जानकारी दिनुभयो। उहाँले बताएअनुसार काठमाडौं मेडिकल कलेजसँग दुई वर्षको सम्झौता गरिएको छ जसअन्तर्गत खेलाडी र उनका परिवारलाई उपचार सुविधा उपलब्ध गराइनेछ। सम्झौता सकिएपछि यसलाई नवीकरण गर्ने पनि उहाँले बताउनुभयो।

साथै, डा. शर्माले खेलाडीहरूको दीर्घकालीन सुरक्षा र भविष्यका लागि निजी क्षेत्रसहित सरकारसँग मिलेर खेलाडीहरूलाई उचित पेन्सन सुविधा उपलब्ध गराउन आग्रह गर्नुभयो।

## दुबईमा यसै वर्षदेखि इलेक्ट्रिक एयर ट्याक्सी सेवा सुरु हुने



**एजेन्सी**

दुबई, ३ माघ

दुबईको सडक तथा यातायात प्राधिकरण (आरटिए) ले 'जोबी एभिएसन'द्वारा विकसित अत्याधुनिक इलेक्ट्रिक एयर ट्याक्सी सेवा सन् २०२५ को अन्त्यसम्ममा व्यावसायिकरूपमा सञ्चालनमा ल्याउने घोषणा गरेको छ। आरटिएका अध्यक्ष मत्तर अल टायरका अनुसार जुन २०२५ मा सफल परीक्षण उडान सम्पन्न भएपछि अब सेवा पूर्णरूपमा लागू गर्ने तयारी तीव्र पारिएको छ। क्यालिफोर्नियास्थित जोबी एभिएसन कम्पनीले दुबईमा आगामी ६ वर्षसम्म एयर ट्याक्सी सञ्चालन गर्ने विशेष अधिकार प्राप्त गरेको छ।

यी एयर ट्याक्सीहरू पूर्णरूपमा विद्युतीय प्रविधिमा आधारित छन्। यसबाट कुनै पनि हानिकारक ग्याँस उत्सर्जन नहुने भएकाले घना शहरी क्षेत्रका लागि यो वातावरणमैत्री तथा कम आवाज हुने सुरक्षित यातायात विकल्पका रूपमा लिइएको छ।

एयर ट्याक्सीले एकपटकमा अधिकतम १६० किलोमिटरसम्मको दूरी तय गर्न सक्ने र यसको उच्चतम गति प्रतिघण्टा ३२० किलोमिटर रहेको जनाइएको छ। यस सेवाले दुबईको यात्रामा लाग्ने समय उल्लेखनीयरूपमा घटाउने अपेक्षा गरिएको छ। आरटिएले दिएको उदाहरणअनुसार हाल कारबाट दुबई इन्टरनेसनल एयरपोर्टदेखि पाम जुमेराहसम्म पुग्न करिब ४५ मिनेट लाग्ने भए पनि एयर ट्याक्सी प्रयोग गर्दा यो दूरी मात्र १० देखि १२ मिनेटमै पूरा गर्न सकिनेछ। दुबईले स्मार्ट शहर निर्माणको दिशामा लिएको नीतिअन्तर्गत यो परियोजनालाई भविष्यको दिगो र आधुनिक यातायात प्रणालीको महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। *रोयटर्स*


## Sabhapokhari Rural Municipality

**Office of the Rural Municipal Executive**

**Barhabise, Sankhuwasabha**

**Koshi Province, Nepal**

**INVITATION FOR ELECTRONIC BIDS**

**2nd Date of publication: 2082-10-04**

1. Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha invites electronic bids from eligible bidders for the procurement, supply and delivery of the following works :-

| Contract No. | Description of work | Estimated Amount (in Rs. With Vat) | Bid Security Amount (in Rs.) | Bid document fee (in Rs.) | Type of Bid | Last date of bid submission | Bid opening date | Bid validity period | Bid Security Validity period |
|---|---|---|---|---|---|---|---|---|---|
| SPRM/SQ/01/082/083 | Procurement, Supply and delivery of CGI Sheet Roofing for Surakchit Nagarik Awas Karyakram Ward no 3 | 14,99,664.62 | 37,000 | 1,000 | Sealed Quotation (Second Notice) | 2082/10/19 before 12:00 hrs | 2082/10/19 at 13:00 hrs | 45 days | 75 days |

2. Information to deposite the cost of bidding document in the following specified bank:-

| | |
|---|---|
| Name of the bank | Prime Commercial Bank Ltd., Sabhapokhari Branch |
| Name of the office | Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha |
| Office Code No | 801010409 |
| Rajaswa Account No | 06901000000022200177 (for bid document purchase) |
| Rajaswa(Revenue) Sirshak No. | 14229 |
| Dharauti Account No. | 06901000000023100160 (for bid security deposite) |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
4. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## Mirchaiya Municipality

**Office of the Municipal Executive**

**Mirchaiya, Siraha,**

**Province Madhesh, Nepal**

**Invitation For Bids (IFB):- 03-MM-2082/83**

**First Publication Date: 2082/10/04 (Jan-18, 2026)**

1. Mirchaiya Municipality Office of Municipal Executive, Mirchaiya, Siraha invites electronic (NCB) bids from registered Suppliers for the supply and delivery of the following goods:
2. For more information: A complete set of bidding documents may be downloaded from the PPMO e-GP Portal: www.bolpatra.gov.np/egp (e-GP II).

| S. N. | Contract ID. | Description of Goods | Estimated Amount (With Vat) (Nrs.) | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 05-MM-NCB-GOODS-2082/83 | Under Mirchaiya Municipality, for the educational development of public schools, provision of school furniture, educational materials, installation of digital boards, and drinking water connection works | 87,99,152.09 | 1,56,000.00, | 3,000.00 | Goods-NCB 1S1E | 2082/11/05 (Feb-17, 2026 at 12:00 Hrs) | 2082/11/05 (Feb-17, 2026 at 13:00 Hrs) |

3. Information to Deposit the Cost of Bidding Document and Bid Security.

| Description | Bank Name | Account Name | Account No. |
|---|---|---|---|
| For Cost of Bidding Document | NIC ASIA Bank, Mirchaiya Branch | GA 1.1- Antarik Rajashwa Khata | 0662050029387002 |
| For Bid Security | NIC ASIA Bank, Mirchaiya Branch | GA 3- Dharauti Khata | 6641498748524002 |

4. All documents required as mandatory in the bid document must be uploaded during e-submission. Failure to upload any of the mandatory documents shall result in the bid being considered non-responsive.
5. The Employer may accept or reject any or all bids and annul the process at any time before awarding the contract.


CMYK